# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मिति: २०८२।१२।२७ गते ।

# प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको ।**

यातायात व्यवस्था कार्यालय (सवारी चालक अनुमतिपत्र), पोखरामा सवारी चालक अनुमतिपत्र वितरण गर्ने कार्यमा अनियमितता भएको भन्नेसमेत व्यहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमतिपत्र कास्कीका तत्कालीन प्रशासन अधिकृत आठौं तह शंकर थापा, तत्कालीन कम्प्युटर अपरेटर जगत ढकाल र जिल्ला बागलुङ, गलकोट नगरपालिका वडा नं. ०२ बस्ने हिम बहादुर बस्नेत थापासमेतको आपसी मिलेमतोमा बदनियत राखी सार्वजनिक संस्था/यातायात व्यवस्था कार्यालयको अभिलेख बमोजिम हिम बहादुर बस्नेत थापाको नाममा A र B वर्गको पुरानो सवारी चालक अनुमतिपत्र नम्बर DL 08-42482 जारी नै नभए नगरेको जानकारी हुँदा हुदै सरकारी तथा सार्वजनिक निकायका विद्युतीय एवं कागजातका अभिलेखमा गैरकानुनी तरिकाले सच्याउने, थपघट गर्ने र हेरफेर गरी गराई हिम बहादुर बस्नेत थापाको नाममा A र B वर्गको सवारी चालक अनुमतिपत्र नम्बर ०१-०७-०१०३५२८०, Issue Date मिति २०५८/१२/२७ गते (सन् 2002-04-09) र expiry date मिति २०७८।१२।२२ (सन् 2022-04-05) उल्लेख गरी गराई सरकारी सार्वजनिक अभिलेखमा झुट्टा विवरण प्रविष्ट गरी गराई सोही बमोजिम बीस बर्षसम्म बहाल रहने गरी सवारी चालक अनुमतिपत्र सहितको गलत लिखत तयार गरी गराई मिति २०७८/१२/१५ (सन् 2022/03/29) मा चालक अनुमतिपत्रको प्रतिलिपि दिए दिन लगाएको तथ्य पुष्टि भएको देखिंदा उक्त कार्यमा संलग्न प्रतिवादीहरुलाई देहायबमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय**

| सि.नं | नामथर, पद र कार्यालय | कसुर तथा सजायको मागदाबी |
|---|---|---|
| १. | यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमतिपत्र कास्कीका तत्कालीन प्रशासन अधिकृत (आठौं) **शंकर थापा** र तत्कालीन कम्प्युटर अपरेटर **जगत ढकाल** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र ११ बमोजिमको कसुरमा सोही ऐनको दफा ९ र ११ बमोजिम सजाय हुन मागदाबी लिइएको छ। |
| २. | जिल्ला बागलुङ, गलकोट नगरपालिका वडा नं. ०२ बस्ने **हिम बहादुर बस्नेत थापा** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र ११ बमोजिमको कसुरजन्य कार्यको गैरकानुनी लाभ लिने प्रकृतिको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर भएको हुँदा मुख्य कसुरदारहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र ११ बमोजिम हुने सजायलाई आधार लिई सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाँक्यास बमोजिम मुख्य कसुरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
सुरेश न्यौपाने